केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१८/०६८/६९ मितिः २०६८/०९/२०

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिम गर्ने नीतिगत व्यवस्था कायम गरिएको हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

(१) यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को निर्देशन नं. २ को बुँदा नं. १२ मा उल्लिखित व्यहोरा पछि देहायको व्यवस्था थप गरिएको छः

*"कुनै बैंक तथा वित्तीय संस्थाहरु बीच अन्तर बैंक कारोवार अन्तरगत दिएको सापटी समयमा असुल उपर हुन नसकेको अवस्थामा त्यस्तो सापटीको साँवा तथा व्याज असुल उपर गर्ने प्रयोजनको लागि सापटी लिने सम्बन्धित बैंक वा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा खरिद गर्न इच्छुक सापटी दिने बैंक वा वित्तीय संस्थाले यस बैंकको पूर्व स्वीकृति लिई देहायका प्रकृया अवलम्बन गरी कर्जा खरीद गर्न सक्ने छः*

*(क) कर्जा खरीद गर्दा कुल असुल उपर गर्न बाँकी साँवा तथा व्याज रकमको दोव्वर भन्दा कम नहुने गरी कर्जा खरीद गर्नु पर्ने छ ।*

*(ख) कर्जा खरिद गर्ने र कर्जा विक्री गर्ने संस्था बीच आपसी समझदारीमा यथास्थितिमा कर्जा खरीद तथा विक्री गर्नु पर्ने छ ।*

*(ग) कर्जा खरीद गर्दा आंशिक भुक्तानी गर्ने गरी कुनै किसिमले कर्जा खरीद गर्न पाइने छैन ।"*

(२) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघु वित्तीय संस्थाहरुले यो निर्देशन जारी भएको मिति देखि शाखा कार्यालय खोल्दा, स्थानान्तरण गर्दा वा बन्द गर्दा यस बैंकको पूर्व स्वीकृति लिनु पर्ने छ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।